नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०

मितिः- २०८३ असार २३ गते।
ने.सं. ११४६

पत्र संख्या: २०८२/०८३
प्रा.प.सं. :

# प्रेस विज्ञप्ती- ८२

## ठगी, आपराधिक विश्वासघात सम्बन्धी कसूरमा पक्राउ

उपरोक्त सम्बन्धमा निर्माण व्यवसायी जाहेरवाला सुभाष श्रेष्ठलाई प्रतिवादी अभिषेक गिरीले निज प्रतिवादीको विभिन्न व्यक्तिहरुसँग चिनजान एवं पहुँचका आधारमा आयोजनाको ठेक्का पार्ने कुरा गरी जाहेरवालालाई विश्वास दिलाई जाहेरवालालाई परेको ठेक्काको कार्य निज प्रतिवादीको आर.सी. सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. मार्फत नियमानुसार सम्पन्न गरी दिने आश्वासन दिई सो बमोजिमको कार्य नगरी सो ठेक्का सम्झौता रद्द भई जाहेरवालालाई हानी नोक्सानी पुग्न गएको, जाहेरवालाको निर्माणमा प्रयोग हुने सवारी साधनहरु कब्जामा लिई केही सवारी साधनहरु जाहेरवालालाई जानकारी नदिई कवाडीमा बिक्री गरेको तथा अन्य सवारी साधनहरु कब्जामा लिई जाहेरवालालाई डर त्रासमा पारी काठमाडौं जिल्ला स्थित घर जग्गा राजिनामा पास गरी लिएको, जाहेरवालाले अन्य व्यक्तिसँग प्राप्त गर्नु पर्ने रकम निज प्रतिवादीको नाममा चेक काट्न दबाब दिई निज प्रतिवादीले आर्थिक लाभ प्राप्त गरी जाहेरवालालाई आर्थिक हानी नोक्सानी पुऱ्याई **ठगी तथा आपराधिक विश्वासघात सम्बन्धी कसूर** गरेको भन्ने विषयमा कानून बमोजिम कारबाहीको लागि प्राप्त हुन आएको जाहेरी दरखास्त दर्ता गरी प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान गर्न सम्मानित काठमाडौं जिल्ला अदालतबाट मिति २०८३/०३/२२ गते पक्राउ पूर्जी जारी गर्ने अनुमति लिई निम्न विवरण भएका प्रतिवादी अभिषेक गिरीलाई पक्राउ गरी थप अनुसन्धान कार्य जारी रहेको।

**निम्नः-**

१. मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं ८, मधुमारा बस्ने वर्ष ४८ को **अभिषेक गिरी**।

अनुपम शमशेर ज.ब.रा
(प्रहरी वरिष्ठ उपरीक्षक)
सूचना अधिकारी
सम्पर्क नं.९८५१२९१३११